जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ५५ २०८२ साल असोज ६ गते सोमबार (22 Sep 2025 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : अधिकारकर्मीको प्रश्न : जेनजी प्रदर्शनमा.. ३ पृष्ठमा : पर्साका बाल ... ३ पृष्ठमा :भ्रष्टाचार र नयाँ पेन्सन...

# सुरु भयो वडा दशैं तर, छैन् रौनक



**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

आजदेखी नेपालीहरुको महान चाड वडा दशैं सुरु भएको छ । तर, यस पटकको दशैंमा रौनक भने देखिएको छैन् । झण्डै १२ दिन अघि मात्र जेनजीहरुले गरेको भ्रष्टाचारबिरुद्धको आन्दोलनका क्रममा ७५ जना सहादत भएका थिए । जसले गर्दा अहिले मुलुक शोकमा डुबेको छ ।

सोही आन्दोलनकै कारण मुलुकको सत्ता नै परिवर्तन भएको छ । आन्दोलनकै क्रममा विभिन्न सरकारी कार्यालय, व्यापारिक प्रतिष्ठानहरुमा तोडफोड, आगजनीपछी लुटपाटले अहिले मुलुकमा अस्थिरताको अवस्था छ । नयाँ सरकार निर्माणपछी सो आक्रान्त माहौलमा केही सुधार भएपनी सन्तोषजनक भने छैन् । यी यस्ता कारणले यस पटकको दशैंमा खल्लोपन आएको हो ।

दशैंको पहिलो दिन आज घटस्थापन हो । यस दिन घर घरमा जमरा रोपिने गर्दछ । आजदेखी नवरात्री व्रत सुरु भएको छ । यता प्रसिद्ध शक्तिपीठ मध्येका एक सप्तरीको छिन्नमस्ता भगवती मन्दिरलाई दशैका लागि सिंगारिदै छ । यस पटक १५ देखि २० लाख सम्म भक्तजन आउने अनुमानसहित आवश्यक तयारी अन्तिम चरणमा पुऱ्याइएको छ ।

छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्बर्द्धन समितिले लाखौ रुपैयाँ खर्च गरेर मन्दिर सिंगार्ने तथा सजावटसहित अन्य काम सुरु गर्दै तयारी अन्तिम चरणमा पुऱ्याएको हो ।

दर्शनार्थीका लागि सहज पुजापाठ, सुरक्षा, पण्डाल, स्वच्छ खानेपानी, बासस्थल, बिद्युतिकरण र सजावट लगायतका काम धमाधम भईरहेको मन्दिर समितिका कार्यवाहक अध्यक्ष समेत रहेका पीठाधिश महाकान्त ठाकुरले जानकारी दिए ।

तर मन्दिरसम्म पुग्ने बाटोको केही भाग अझै जिर्ण र खाल्डाखुल्डीको अवस्थामा रहेकाले अबिलम्ब उक्त सडकको स्तरोन्नतिका लागि सरकारबाट पहल हुनुपर्ने उनले माग समेत गरे ।

उनले दर्शणार्थीको सुरक्षा र आपराधिक गतिबिधी नियन्त्रणका लागि यस पल्ट मन्दिर भित्र र बाहिर चारैतिर गरी कुल ३२ वटा सिसि टिभि क्यामरा जडान गरिएको बताए ।

नेपाल तथा भारतका हिन्दु धर्माबलम्बी माझ ख्याति प्राप्त यस मन्दिरमा दशैका बेला लाखौं भक्तजन आउने गरेका छन् ।

यस्तै जिल्लाकै हनुमाननगर कंकालिनी नगरपालिकास्थित कंकालिनी भगवती मन्दिर, राजविराजस्थित माँ चण्डि भगवती मन्दिर, राजदेवी मन्दिर लगायत अन्य स्थानमा रहेका भगवती मन्दिरहरु दशैंका लागि सिंगारिदै छ ।

# भन्सार छलिका विभिन्न सामानहरु नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरी प्रहरीले भारतबाट भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरिएको विभिन्न सामानहरु नियन्त्रणमा लिएको छ ।

तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ५ बाट तीनलाख ४५ हजार रुपैयाँ मुल्य बराबरको कपडा र अन्य सामान प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिईएको टोलीले त्यहाँबाट ९० थान सुती साडी, ५६ थान सिल्की साडी, १६ थान धोती, ६७ थान जिन्स भेष्ट, ११ थान बालबालिकाका जिन्स भेष्ट, ११० थान महिलाका कुर्ती-सुरुवाल, ४ थान स्टोरेज लाइट, १ सेट एसी र १९ प्याकेट झिलमिले लाइट शनिवार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनले नियन्त्रणमा लिइएका सामानहरू जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याइएको र आवश्यक कारबाहीका लागि राजविराज भन्सार कार्यालयमा पठाइएको बताए ।

# उज्जेवकिस्तानकी दुई महिलासहित तीन जना प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

भारततर्फ जान लागेकी दुई विदेशी महिलासहित तीन जनालाई सप्तरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

उज्जेवकिस्तानकी ३९ वर्षिया शेशिस्ताअकवारोवा र ३८ वर्षिया फेरुजा याख्सीमुरा तोवालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

ती महिलाहरुलाई विआर०७ए.वाई१८७६ भारतीय नं. को मोटरसाईकलमा राखी भारतको लौकहा बाजारतर्फ लैजाने प्रयास गरेका भारतीय नागरिक २० वर्षिय नितिश कुमार बिन्दालाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

तीनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

विन्दा भारतको विहार राज्य मधुवनी जिल्ला लालमनियाडुमरवाना ग्राम पञ्चायत निवासी रहेको खुलेको छ । उनले ती महिलाहरुलाई आफुले नचिनेको र रातीको समयमा एकान्त स्थलमा अलपत्र देखेपछि उनीहरुकै अनुरोधमा सुरक्षाका लागी लौकहा बाजारसम्म पुऱ्याई दिन लिफ्ट दिइ सहयोग गर्न खोजको बताएका छन ।

भारतीय सीमासंग नजिक पर्ने सप्तरीको वलान विहुल गाउँपालिका ४ स्थित चन्ही-वेल्ही सडक खण्डमा शनिवार राती ८ बजेतीर चेकजाँचको क्रममा उनीहरुलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरिक्षक वस्नेतले बताए ।

प्रहरी नियन्त्रणमा रहेकी दुबै विदेशी महिलाहरुले आफुहरु घुम्ने उद्देश्यले नेपाल आएको र घुम्नै क्रममा आफुहरु बाटो विराएर यता आईपुगेको बयान दिएकी छिन । उनीहरुले आफुहरुसंग पासपोर्ट भएको तर काठमाण्डौमा भाडामा वसेको लजमै छुटेको बताएकी छिन । आफुहरु अलपत्र परेको बेला भेटेको विन्दाले लिफ्ट दिएको उनीहरुले प्रहरी समक्ष बताएकी छिन ।

*बाँकी अन्तिम पृष्ठमा*

# मोटरसाइकल ठक्करबाट घाइते वृद्धको उपचारपछी मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका बडा नं. ५ भाटिनस्थित हुलाकी सडक खण्डमा मोटरसाइकलको ठक्करबाट घाइते भएका एक वृद्धको उपचारपछी मृत्यु भएको छ ।

गत २०८१ फागुन २१ गते कुशमहारबाट बोदेबर्साइनतर्फ आउँदै गरेको बा.प्र.०२-०३२प.३२२३ नं. को मोटरसाइकलको ठक्करबाट घाईते भएका पैदलयात्री सोही ठाउँका ६० वर्षीय जुगति रामको उपचारपछि मृत्यु भएको हो ।

दुर्घटनामा बायाँ खुट्टा र शरीरका विभिन्न भागमा चोट लागेको रामलाई जीवन ज्योति अस्पताल बोदेबर्साइनमा उपचार हुँदै गर्दा स्वास्थ्य अवस्था गम्भीर भएपछि भोलिपल्टै धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको थियो । उपचारपछि फागुन २८ गते उनलाई डिस्चार्ज गरी घर ल्याइएको भएपनि स्वास्थ्यमा समस्या देखिएकाले रामको आईतबार घरमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

घटनाबारे जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय बोदेबर्साइनको टोली घटनास्थल पुगेर कानूनी प्रक्रिया पुरा गरी पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याईएको उनले बताए ।

दुर्घटनामा संलग्न मोटरसाइकल नियन्त्रणमा लिईएको र चालक सोही ठाउँका वडा नम्बर १ धनगढी घर भएका ३६ बर्षीय भगवती प्रसाद साह बारे अनुसन्धान अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार मोटरसाइकल चालक साहसंग सवारी चालक अनुमतिपत्र सहितका कागजपत्र नरहेको र मापसे गरेको अवस्थामा दुर्घटना भएको थियो ।

**मानसिक स्वास्थ्य प्रति सचेत बनौं।**

❖निराश हुनु,
❖तनाव तथा चिन्तित महशुस हुनु,
❖बेला बेलामा डर लाग्नु,
❖बिनाकारण पसिना आउनु,
❖गहिरो निद्रा नपर्नु,
मानसिक रोगका लक्षण हुन्
मानसिक समस्या निदानको लागि:
❖नियमित व्यायाम गरौं,
❖आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
❖परिवार र साथीहरूसँग समय बिताऔं,
❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

## सम्पादकीय

### रौनकबिहीन दशैं

मुलुकमा हालै भएको आन्दोलनका क्रममा भएको मानविय तथा भौतिक क्षतिका कारण यस पटकको दशैंमा रौनक छैन् । आन्दोलनपछी भएको सत्ता परिवर्तनले गर्दा पनि व्यापार व्यावसाय चौपट भएको छ । आन्दोलनकै क्रममा यातायात समेत प्रभावित भएपछी केही दिनअघि मात्र सुचारु भएको यातायातका कारण मानिसहरु आ–आफ्ना घर आउनमा ढिलाई समेत भएको छ। यातायात सुचारु भएपनि पहिरोले सडकहरु अवरुद्ध भएकाले मानिसहरु दशैंमा घर समेत आउन पाइरहेका छैनन् ।

त्यसबाहेक मुलुक विगतदेखी नै आर्थिक मन्दीबाट उम्किन नपाउँदा भएको आन्दोलनले दशैंमा रौनक नदेखिएको हो। यस बाहेक सप्तरीका अधिकांश स्थानीय तहका कर्मचारीहरुले यस पटकको दशैंमा तलब समेत खान पाएका छैनन् । आमजनताले दशैं उत्साहपूर्ण रुपमा नमनाउँदा व्यापार समेत चौपट बनेको छ । कपडा व्यापारी, खाद्यान्न पसलेहरु समेत यस पटक निरास बनेका छन् । जनतासँग आवश्यकता पूर्ती गर्न समेत पैसा नभरहेको अवस्थामा त्यसको असर व्यापारीहरुमा परेको छ ।

तसर्थ महान चाड दशैं खल्लो हुनुमा यस पटक मुलुकमा देखिएको विभिन्न समस्या रहेको छ । जबसम्म मुलुकमा आर्थिक नीतिमा सुधार आउदैन तबसम्म दशैंमा रौनक आउँदैन् । दशैं मात्र नभएर अन्य चाडपर्व पनि रौनकबिहीन नै हुन्छ। यसका लागि सरकार गम्भिर बन्नु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अधिकारकर्मीको प्रश्न : जेनजी प्रदर्शनमा बालबालिकालाई मानव ढाल त बनाउन खोजिएन ?

**प्रकाश सिलवाल**

काठमाडौँ, ५ असोज (रासस) ।

गत भदौ २४ गते दिउँसो करिब १ बजे आसपासमा अमृता (नाम परिवर्तन)लाई फोनमार्फत छोरा विवेक (१७ वर्षे)लाई गण्डकी मेडिकल कलेज अस्पतालमा उपचारका लागि भर्ना गराइएको जानकारी गराइयो ।

पोखरा महानगरपालिका कार्यालयअगाडि भएको प्रदर्शनका क्रममा विवेक अनुहारमा अश्रुग्यासको सेल लागेर घाइते भएका थिए । उनलाई प्रदर्शनकारीले उद्धार गरी अस्पताल पुऱ्याएका थिए ।

विवेकको अनुहारमा लागेको चोट जटिल प्रकृतिको थियो । यद्यपि अहिले उनको स्वास्थ्य सुधारोन्मुख छ । अस्पतालका नर्सहरूले आमालाई धैर्य राख्न र मनलाई बलियो बनाउन निरन्तर प्रोत्साहन दिइरहेका छन् ।

वर्षौंअघि श्रीमान्सँग छुट्टिएर बसिरहेकी अमृतामाथि तीन छोराहरूको लालनपालनको जिम्मा छ । स्थानीय बजारमा तरकारी बिक्री गर्दै आएकी उनका लागि यो अप्रत्याशित पीडा थियो ।

"मैले विवेकजाई प्रदर्शनमा नजान भनेकी थिएँ", अमृता सम्झिन्छिन्, "तर उसले 'तर उसले म एक्लै जाने होइन, साथीहरू पनि हुन्छन्, हिजो जे भएको थियो त्यस्तो आज फेरि हुने छैन भन्दै सम्झाएको थियो, तर, अहिले यो दुःखद घटना हुन पुग्यो ।"

सेभ द चिल्ड्रेन र बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले विभिन्न नागरिक सङ्घसंस्थासँगको परामर्शमा तयार पारेको 'नेपालमा जेनजी नेतृत्वको राजनीतिक आन्दोलनमा बालबालिका तथा युवाको अधिकार उल्लङ्घन र तत्कालका आवश्यकताहरूको द्रुत मूल्याङ्कन प्रतिवेदन'ले यस्तै मार्मिक विवरण र अवस्थालाई बाहिर ल्याएको छ ।

जेनजी समूहले सामाजिक सञ्जाल नियन्त्रण र भ्रष्टाचारविरुद्ध सरकारको जवाफदेहिता तथा पारदर्शिता माग गर्दै गत भदौ २३ मा सडकमा प्रदर्शन सुरु गरेका थिए । शान्तिपूर्ण भनिएको प्रदर्शनमा राज्यको अत्यधिक बल प्रयोगका कारण हिंसात्मक बन्न पुग्यो र सोही दिन १९ जनाको मृत्युसमेत भयो ।

यस दुःखद घटनाको प्रतिक्रियास्वरूप भोलिपल्ट भदौ २४ गते प्रदर्शनले झन् उग्ररुप लियो । प्रदर्शनमा केहीले घूसपैठ भएको आरोप पनि लगाए । उक्त प्रदर्शनममा हालसम्म मृत्यु हुनेको सङ्ख्या अहिले ७४ पुगिसकेको छ भने करिब दुई हजार घाइते भएका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा आइसकेपछि पनि आगजनी र लुटपाटका घटना नरोकिनुले जेनजीलाई कतै केवल मानव ढाल मात्र बनाइएको त थिएन ? भन्ने प्रश्न उक्त प्रतिवेदनमाथिको शनिबारको छलफलमा अधिकारकर्मीले उठाएका छन् ।

आन्दोलनका विद्यालय पोसाकमा नै बालबालिका र युवा आन्दोलनमा होमिदासमेत यी बालबालिका र किशोरकिशोरी हुन् भन्ने विषयलाई नजरअन्दाज गरी प्रदर्शनका क्रममा बालबालिकाको अधिकारको गम्भीर उल्लङ्घन भएको र त्यसले राजनीतिक आन्दोलनका समयमा देशको बाल संरक्षण प्रणालीका कमजोरी उजागर गरेको प्रतिवेदनले औँल्याएको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिका र युवालाई टाउको, छाती र पेटमा गोली हानिएको तथा बालबालिकालाई हिरासतमा लिइएको, यातना दिइएको र अश्रुग्यास प्रहार गरी हानि पुऱ्याइएको कार्यले नेपालको संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, अन्तरराष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, यातनाविरुद्धको महासन्धि, नेपालको संविधानको धारा, ३९ लगायत बालबालिकासम्बन्धी ऐन-निर्देशिका स्पष्ट रूपमा उल्लङ्घन भएको बताउनुभयो । अध्यक्ष पौडेलले आन्दोलनको समग्र प्रभावबारे विस्तृत अध्ययनको खाँचो औँल्याउनुभयो ।

प्रतिवेदनले प्रभावित बालबालिका र परिवारको स्वास्थ्य, मनोसामाजिक, सुरक्षा, कानुनी र शैक्षिक क्षेत्रमा तत्काल विभिन्न आवश्यकता सिफारिस गरेको छ । बालबालिकाले सुनाएका कुराहरूले उनीहरूमा गहिरो मानसिक आघात, भविष्यमा हिंसा होला भन्ने डर, निराशा र राज्य संस्थाप्रतिको असन्तोषलाई देखाएको सिजपका महासचिव राजु घिमिरेले बताउनुभयो ।

"राज्यका सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग गरिएको देखिएको छ । यसले बाँच्न पाउने, संरक्षण हुन पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने अधिकार र स्वेच्छाचारी गिरफ्तारी तथा हिंसाबाट सुरक्षा पाउनेलगायतका आधारभूत मानवअधिकार उल्लङ्घनबारे गम्भीर चिन्ता उत्पन्न गरेको छ", प्रतिवेदनमा भनिएको छ,

*बाँकी तीन पृष्ठमा*

हार्दिक मंगलमय शुभकामना



२०८२ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना



२०८२ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# पर्साका बाल सुधारगृहका ५० जना बालबिज्याइँकर्ता फरार

पर्सा, ५ असोज (रासस)।

पर्साको बाल सुधारगृह तोडफोड गरेर भागेका ५० जना बालबिज्याइँकर्ता किशोर अझै फरार रहेका छन्।

गत भदौ २४ गते रातको समयमा बाल सुधारगृह तोडफोड गरेर भागेका उनीहरु अझैसम्म पनि पक्राउ परेका छैनन्। पर्साको बाल सुधारगृहका कार्यालय प्रमुख टीकाकृष्ण काफ्लेले बाल सुधारगृहबाट भागेकामध्ये ५० जना किशोर अझैसम्म पनि फरार रहेको जानकारी दिनुभयो।

"भदौ २४ गते राति बाल सुधारगृहबाट भागेकामध्ये ५० जना अहिलेसम्म पनि सम्पर्कमा आएका छैनन", उहाँले भन्नुभयो, "उनीहरुको अभिभावकसँग कुराकानी भएर खोजी तीव्र पारिरहेका छौँ।"

बाल सुधारगृह तोडफोड गरेर भाग्ने बेला सुधारगृहमा कूल १४२ जना रहेका थिए। तीमध्ये अहिले सुधारगृहमा ९० जना र भागेकामध्ये दुई जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ। पछिल्लो समय एक जना बालबिज्याइँ गरेर थप भएका छन्। "भदौ २४ को घटनापछि फरार रहेका १७ जनालाई पक्राउ गरिसकेका छौँ। अन्य पनि छिट्टै आउने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

## *अधिकारकर्मीको प्रश्न ...*

"यी कार्यहरूले बालबालिकामाथि अत्यन्त गहिरो असर पारेका छन्। संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धिअन्तर्गतका अधिकारहरू- विशेषगरी धारा, १३ मा सुनिश्चित गरिएको अभिव्यक्तिको स्वतन्त्रतालाई अवमूल्यन गरेको छ।"

आन्दोलनको समयमा देशभरका २९ कारागारमा रहेका १५ हजार ८८३ कैदीमध्ये १२ हजार ४९६ भागेका थिए। अहिलेसम्म केवल एक हजार ६९ फर्किएका छन् भने बाँकी ११ हजार ४७० कैदी अझै पनि फरार अवस्थामा रहँदा यसले सार्वजनिक सुरक्षामा ठूलो जोखिम सिर्जना गरेको र कारागार व्यवस्थापन तथा सुरक्षामा गम्भीर कमजोरी उजागर गरेको प्रतिवेदनमा जनाइएको छ।

यस्तै देशभरका ६ बाल सुधारगृहबाट ६१८ बालबालिका फरार भए, जसमा २२९ जना मात्र फर्किएका छन्। ३९८ जना बालबालिका अझै सम्पर्कविहीन भएका छन्। यसले बालसुरक्षा, पुनःस्थापना र सुरक्षित वातावरणबारे तत्काल ध्यान दिनुपर्ने देखाएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले आन्दोलन र घटनाबारे आयोगले समग्र मानसिक स्वास्थ्यको चिन्ता बालबालिका र सबैमा भएकाले यसका दीर्घकालीन असरबारे समेत अध्ययन हुनुपर्ने बताउनुभयो। उहाँले आन्दोलनमा भएको मानवअधिकार उल्लङ्घनबारे आयोगको समग्र प्रतिवेदन चाँडै सार्वजनिक हुने बताउनुभयो।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले बाल संरक्षणविनाको बाल सहभागिता हुन नसक्ने भएकाले सुसूचना, सहभागिता, स्वसंरक्षण र स्वअनुशासनमा ध्यान दिइए बालबालिकाको पढाइ, सीप, आचरण र मानव अधिकारको सम्मानका लागि प्रभावकारी अनुगमन हुनुपर्ने बताउनुभयो।

परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले निवर्तमान प्रधानमन्त्री ओलीले भदौ २३ गतेको घटनामा प्रहरीसँग नभएका गोली प्रहार भएको भन्ने सार्वजनिक अभिव्यक्ति आएकाले बालबालिका र युवालाई कतै मानव ढाल बनाइएको त होइन भन्ने कोणबाट पनि छानबिन हुनुपर्ने धारणा राख्नुभयो। महिला र बालबालिकामाथिको हिंसाविरुद्धको 'नेसनल एक्सन एन्ड कोअर्डिनेसन ग्रुप'का अध्यक्ष ऋतु भट्ट राईले मुलुकमा सबै गलत छन् भन्ने भाष्य नयाँ पुस्ता परेकामा घरपरिवाभित्र यथार्थ अवस्थाबारे छलफल गर्न र बाल संरक्षण संयन्त्र प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

बालबालिबकाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, शारीरिक र मानसिक स्वास्थ्य, शिक्षा, सुरक्षा र संरक्षणका सवालमा सरकार, नागरिक क्षेत्र र अधिकारकर्मीले गम्भीर भएर सोच्नुपर्ने सुझाव दिँदै छलफलमा सहभागीहरूले बालबालिका र युवाहरूमाथि अत्यधिक बल प्रयोग बन्द गर्न र त्यस्तो गर्नेमाथि निष्पक्ष छनबिन गरी कारबाही गर्न आग्रह गरेका छन्।

यस्तै पीडितका लागि चिकित्सा, कानुनी र मनोसामाजिक सहयोगको प्रत्याभूति गर्न, लैङ्गिक हिंसाको उजुरी र सहायता संयन्त्रलाई सुदृढ बनाउन, सञ्चारमाध्यम र समाजिक सञ्जालबाट सचेतना फैलाउन, प्रभावित बालबालिकाका लागि प्रेषण मार्गहरू सुदृढ बनाउन सिफारिस गरिएको छ।




हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी


## विश्व समाचार

### भ्रष्टाचार र नयाँ पेन्सन कानुनविरुद्ध पेरुमा आन्दोलन चर्कियो

लिमा, ५ असोज (रासस/एएफपी)।

पेरुको राजधानी लिमा शहरमा शनिबार सरकारविरोधी प्रदर्शनमा सहभागी सयौं प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको छ। प्रदर्शनकारीहरूले ढुङ्गा र लठ्ठी प्रहार गर्दा प्रहरीले अश्रुग्यास प्रयोग गरेर भीड नियन्त्रणमा लिएको थियो। 'जेनेरेसन जेड' नामक युवाहरुको समुहले आयोजना गरेको यो प्रदर्शन हाल देशमा फैलिँदो सङ्गठित अपराध, सार्वजनिक पदमा देखिएको भ्रष्टाचार र हालै पारित गरिएको पेन्सन सुधारसम्बन्धी कानुनको विरोधमा गरिएको हो।

प्रदर्शनमा सहभागी ५४ वर्षीया ग्लाडिसले भन्नुभयो, "आजभन्दा पहिले देशमा बढी लोकतन्त्र थियो। अब स्थिति झन् बिग्रँदै गएको छ।"प्रदर्शनका क्रममा झण्डै पाँच सयजना मानिस लिमा शहरको केन्द्रमा भेला भएका थिए। प्रदर्शन शान्तिपूर्ण रूपमा सुरु भए पनि कार्यपालिका र संसद भवनतर्फ अगाडि बढ्ने प्रयास गर्दा स्थिति तनावपूर्ण बन्यो। त्यसपछि सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडप भएको हो। प्रदर्शनमा सहभागी एक युवा सेलेन अमासिफुएनले भन्नुभयो,"संसदसँग जनताको कुनै विश्वास बाँकी छैन। अहिलेको संसदले देशमा अव्यवस्था मात्र फैलाएको छ।"

स्थानीय रेडियो एक्सितोसाका अनुसार, झडपका क्रममा संस्थाका पत्रकार र क्यामेराम्यान पनि सुरक्षाकर्मीको छर्राबाट घाइते भएका छन्। प्रहरी प्रशासनका अनुसार, कम्तीमा तीन जना प्रहरी जवान पनि घाइते भएका छन्। हाल राष्ट्रपति पदमा रहेकी डिना बोलुआर्टेको लोकप्रियता घट्दो क्रममा छ। देशमा जबर्जस्ती असुली र अपराधका घटना बढ्दो रहँदा जनतामा सरकारप्रति असन्तुष्टि बढेको देखिएको छ। सर्वेक्षणहरूमा जनताको सरकार र संसदप्रति विश्वास कमजोर हुँदै गएको देखिएको छ। यसै साता संसदले पारित गरेको नयाँ कानुन अनुसार युवा वर्गलाई निजी पेन्सन कोषमा अनिवार्य रूपमा आबद्ध गराइने व्यवस्था गरिएको छ। तर, अस्थिर रोजगारीको वातावरणमा यस्तो व्यवस्था अन्यायपूर्ण भएको भन्दै आलोचना भइरहेको छ।

### फिलिपिन्समा बाढी नियन्त्रण भ्रष्टाचारकाण्डविरुद्ध ठूलो प्रदर्शन

मनिला, ५ असोज (रासस/एपी)।

सांसद, अधिकारी र व्यवसायीहरू संलग्न भएको भनिएको बाढी नियन्त्रण परियोजनाको ठूलो घुसघोरी प्रकरणले आक्रोश बढेपछि आइतबार हजारौं प्रदर्शनकारीहरू फिलिपिन्सको राजधानी मनिलामा सडकमा उत्रिएका छन्। हिंसा रोक्न प्रहरी र सेनालाई सतर्क पारिएको थियो। ऐतिहासिक मनिला पार्क र राजधानी क्षेत्रको इड्सा राजमार्ग नजिक लोकतन्त्र स्मारक वरिपरि छुट्टै प्रदर्शनस्थलहरूमा सुरक्षाका लागि हजारौं प्रहरी तैनाथ गरिएको थियो। आयोजकहरूले यसलाई हालका वर्षहरूमा भ्रष्टाचारविरोधी सबैभन्दा ठूलो प्रदर्शन बन्ने अपेक्षा राखेका छन्।

संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाका दूतावासहरूले आफ्ना नागरिकलाई प्रदर्शन क्षेत्रबाट टाढा रहन सचेत गराएका छन्। प्रदर्शनकारीहरूले फिलिपिन्सको झण्डा बोके र 'अब छैन, धेरै, तिनीहरूलाई जेलमा हाल' भन्ने नारासहितका ब्यानर देखाउँदै दोषीहरूलाई तत्काल कारबाही गर्न माग गरेका छन्। विद्यार्थी नेत्री अल्थिया ट्रिनिडाडले भन्नुभयो, "हामी गरिबीमा डुबिरहेका छौँ, तर उनीहरूले हाम्रो करबाट भाग्य कमाएर लक्जरी कार, विदेश यात्रामा खर्च गर्छन्। हामी यस्तो प्रणाली अन्त्य चाहन्छौँ।" उहाँले आफू बस्ने बाढीग्रस्त बुलाकान प्रान्तमा धेरै परियोजना खराब गुणस्तर वा अस्तित्वहीन भएको अनुसन्धान भइरहेको पनि बताउनुभयो।

फिलिपिन्स क्याथोलिक बिशप्स कन्फरेन्सका प्रमुख कार्डिनल पाब्लो भर्जिलियो डेभिडले शान्तिपूर्ण विरोधको आग्रह गर्दै 'हाम्रो उद्देश्य अस्थिरता होइन, लोकतन्त्रलाई बलियो बनाउन हो' भन्नुभयो।

आयोजकहरूले राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरलाई राजीनामा दिन माग नगरी भ्रष्ट सांसद, अधिकारी र ठेकेदारलाई मात्र निशाना बनाइने बताएका छन्। मार्कोसले यसै वर्षको वार्षिक राष्ट्र सम्बोधनमा काण्डको खुलासा गर्नुभएको थियो। उहाँले सन् २०२२ पछि सुरु भएका नौ हजार आठ सय ५५ बाढी नियन्त्रण परियोजनामध्ये धेरैमा पाँच खर्ब ४५ अर्ब पेसो (नौ अर्ब ५० करोड डलर) बराबरको अनियमितता भएको भन्दै स्वतन्त्र आयोग गठन गर्नुभएको थियो। उहाँले भ्रष्टाचारलाई 'भयानक' भन्दै निर्माण मन्त्रीको राजीनामा समेत स्वीकार गर्नुभएको थियो।

मिडियामा धनी दम्पती सारा र प्यासिफो डिस्कायाले आफ्ना दर्जनौँ लक्जरी कार र एसयुभी प्रदर्शन गरेपछि जनआक्रोश चर्किएको थियो। उनीहरूले चार करोड २० लाख पेसो (सात लाख ३७ हजार डलर) बराबरको ब्रिटिस लक्जरी कार किन्दा निःशुल्क छाता पाएको भन्दै देखाएका थिए। सिनेट सुनुवाइमा दम्पतीले कम्तीमा १७ सांसद र उच्च अधिकारीलाई ठेक्का दिलाउन ठूलो किकब्याक तिर्न बाध्य पारिएको खुलासा गरेका थिए। छुट्टै अनुसन्धानमा दुईजना प्रमुख सिनेटरलाई पनि एक पूर्व इन्जिनियरले फसाएका छन्। नाम लिइएकाले सबैले आरोप अस्वीकार गरे पनि धेरैजना अनुसन्धानको दायरामा परेका छन्। दुवै सदनमा सांसदहरू फस्दा सिनेट अध्यक्ष फ्रान्सिस एस्कुडेरो र सभामुख मार्टिन रोमाल्डेजले राजीनामा दिनुभएको छ। भ्रष्टाचारमा संलग्न कम्तीमा तीन इन्जिनियर बर्खास्त भएका छन् भने १५ जनामाथि थप अनुसन्धान भइरहेको छ। सबैले आपराधिक मुद्दा सामना गर्नेछन् र उनीहरूको सम्पत्ति, घर, कार र बैंक खाता फ्रिज गरिने जनाइएको छ।

# जलेश्वर कारागारबाट भागेका कैदीमध्ये २ सय ३३ फर्किए

महोत्तरी, ५ असोज (रासस)। गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण यहाँको जिल्ला कारागार जलेश्वरबाट भागेका कैदीमध्ये २३३ फर्किएका छन्। कारागारबाट भागेका पाँच सय ७६ कैदीबन्दीमध्ये तीन सय ४३ जना अझै फर्किएका छैनन्।

सङ्घीय राजधानी काठमाडौंसहित देशभरि जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ७ बजे जलेश्वर कारागारमा कैदीबन्दी भई बस्दै आएका ४० भारतीयसहित सबै पाँच सय ७६ जना कैदी फरार भएका कारागारका जेलर अशोक क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार आइतबार बिहानसम्म दुई सय ३३ जना कैदीबन्दी फर्केर आएका छन्।

कैदीबन्दी फरार भएको भोलिपल्टै भदौ २५ गते कारागार प्रशासनले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आइतबार बिहानसम्म दुई सय ३३ जना आइसकेका जनाउँदै अझै आउने क्रम पनि जारी रहेको क्षेत्रीले बताउनुभयो। जलेश्वर कारागारबाट भागेकामध्ये १२ जना कैदीबन्दीलाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका उहाँको भनाइ छ।

बाँकी कैदीबन्दी आफैं कारागारमा फर्किएका हुन्। जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ५०० को सङ्ख्यामा आएका प्रदर्शनकारीले आफूलाई जेनजी भन्दै कारागार कार्यालयका तीन तहका ढोका फुटाएर सबै कैदीबन्दीलाई भगाएका जेलर क्षेत्रीले जानकारी दिनुभयो।

जेनजीको प्रदर्शनको आडमा जलेश्वर कारागारबाट भागेका र अझै पनि नआएका तीन सय ४३ कैदीबन्दीलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मी परिचालन गरी खोजीकार्य गरिरहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताउनुभयो।

# आन्दोलनका क्रममा भागेका ६ हजार ३ सय २८ कैदीबन्दीलाई फर्काइए, ८ हजार २ सय २६ फरार

काठमाडौँ, ५ असोज (रासस)। 'जेनजी' प्रदर्शनका क्रममा तोडफोड र आगजनी गरी कारागार र सुधारगृहबाट भागेकामध्ये हालसम्म छ हजार ३२८ जना कैदीबन्दी फर्किएका छन्।

कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेले दैनिकजसो नै कैदीबन्दीहरू फर्किरहेको बताउनुभयो। उहाँका अनुसार कतिपय गल्ती भयो भनेर आफैं फर्किरहेका छन् भने कतिपय प्रहरीले पक्राउ गरेर ल्याइएका छन्। पछिल्लो एक दिनमा मात्रै एक सय ४९ जनालाई फर्काइएको छ।

गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा देशभरका २८ कारागार तथा नौ वटा बालसुधार गृहबाट गरी १४ हजार ५५५ कैदीहरु भागेका थिए। अझै आठ हजार २२६ जना सम्पर्कमा नआएकाले खोजीकार्य भइरहेको निर्देशक न्यौपानेले बताउनुभयो।

उहाँका अनुसार कारागारबाट १३ हजार ५९१ र सुधारगृहबाट नौ सय ६४ जना भागेका थिए। सम्पर्कमा आएकामध्ये कारागारबाट भागेका पाँच हजार ९८७ तथा सुधारगृह तर्फका तीन सय ४१ जना रहेका छन्।

आन्दोलनका क्रममा नेपाल प्रहरीले हिरासतमा रहेका करिब दुई हजार आरोपीसमेत फरार रहेका जनाएको छ। उनीहरूको खोजी जारी रहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो।

देशभर ३० हजार छ सय ३४ कैदीबन्दी रहेकामा आन्दोलनपछि हाल २१ हजार ९९९ जना मात्रै कैदी बन्दी रहेका छन्।

# मधेस प्रदेश सरकारका सेवा दसैंपछि पूर्ण रूपमा सञ्चालन हुने

जनकपुरधाम, ५ असोज (रासस)। मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले जेनजीको प्रदर्शनका क्रममा तोडफोड तथा आगजनीको कारण क्षतिग्रस्त भएका कार्यालयले बडादसैंपछि पूर्ण रूपमा सेवा प्रवाह गर्ने बताउनुभएको छ।

उहाँले शनिबार पत्रकारहरूसँग सङ्क्षिप्त कुराकानी गर्दै जेनजी प्रदर्शनका क्रममा मधेस प्रदेश सरकारको सरकारी निकायमा भौतिक संरचनाको व्यापक क्षति भएकाले यसको मर्मत तथा सुधारमा थप अझै केही दिन समय लाग्ने र त्यसपछि सेवाहरू पूर्ण रूपमा सञ्चालनमा आउने बताउनुभयो।

सुरक्षामा क्रमिक रुपले सुधार हुँदै गएकाले प्रदेशका विभिन्न मन्त्रालय तथा कार्यालयहरूमा कर्मचारीहरू आउन सुरु गरिसकेको उहाँको भनाइ छ। यद्यपि काम गर्न भौतिक संरचनाको समस्या र अभाव रहेको उल्लेख गर्दै उहाँले त्यसको वातावरण बनाउनका लागि केही दिन समय लाग्ने बताउनुभयो।

प्रदेशसभा भवनसहित मन्त्रालयहरूको क्षति भएको संरचनाहरूको मूल्याङ्कनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ। मधेस प्रदेश सरकारअन्तर्गतका मुख्यमन्त्री कार्यालयसहित मधेस प्रदेशसभा भवन तथा सचिवालय, भौतिक पूर्वाधार विकास मन्त्रालय , ऊर्जा तथा सिँचाइ मन्त्रालय, श्रम तथा यातायात मन्त्रालयलगायत अन्य मन्त्रालय तथा सरकारी कार्यालयको भौतिक संरचनामा आक्रमण गरी तोडफोड गर्नाका साथै आगजनी गरिएको थियो। साथै सवारीसाधनहरू पनि क्षतिग्रस्त बनाइएको छ। सुरक्षा अभावमा त्यहाँको समानहरू पनि लुटपाट भएको छ।

# सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि नौ अर्ब ८० करोड निकासा

काठमाडौँ, ५ असोज (रासस)। सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान भुक्तानीका लागि अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैङ्कलाई रु नौ अर्ब ८० करोड निकासा गर्ने निर्णय गरेको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार चालु आर्थिक वर्षको दोस्रो त्रैमासको सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि छुट्याइएको रकम पहिलो त्रैमासमा निकासा गर्ने निर्णय मन्त्रिस्तरबाट भएको हो। "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित रकमलाई कार्यक्रम संशोधनमार्फत पहिलो त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैङ्कलाई सोधभर्ना उपलब्ध गराउन शनिबार अर्थमन्त्रिस्तरीय निर्णय भएको छ", अर्थ मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ।

नेपाल राष्ट्र बैङ्कले लामो समयदेखि बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सरकारबाट पाउन सकेको थिएन। यो रकम निकासा भएसँगै कर्जा विस्तारका लागि थप सहज हुने अनुमान गरिएको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा रु पाँच करोडसम्म, महिला उद्यमशील कर्जा तथा स्टार्टअप उद्यम कर्जा रु २५ लाखसम्म उपलब्ध गराउन सक्ने व्यवस्था छ।

त्यसैगरी वैदेशिक रोजगारबाट फर्केका युवा तथा शिक्षित युवा परियोजनाका लागि रु २० लाख बराबर सहुलियतपूर्ण कर्जा उपलब्ध गराइँदै आएको छ। प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाका रूपमा रु पाँच लाख बराबर कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ।

बैङ्क तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउने यस्तो सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ।

# जनकपुरधाम भन्सारमा १३ करोडको क्षति

जनकपुरधाम, ५ असोज (रासस)। जेनजी प्रदर्शनका क्रममा जनकपुरधाम भन्सार कार्यालयमा रु १३ करोड ८७ लाख ५० हजार बराबरको क्षति भएको छ।

जनकपुरधामको रेल्वेस्टेशन नजिक रहेको सो कार्यालयका दुई भवन, कर्मचारी निवास र सवारीसाधनमा आगजनी एवं तोडफोड भएको कार्यालय प्रमुख मानबहादुर पौडेलले जानकारी दिनुभयो। गत भदौ २४ गते गरिएको आगजनीबाट दुई थान भ्यान, लिलामीका लागि राखिएका ३१५ मोटरसाइकल, एउटा निजी ट्रक, फर्निचर, कम्प्युटर, प्रिन्टरलगायत सामग्री नष्ट भएका उहाँले बताउनुभयो।

कार्यालय प्रमुख पौडेलका अनुसार कर्मचारीको निवासमा रहेका लत्ताकपडा र कागजात एवं रकम समेत लुटेर लगेका छन्। जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा आइतबार जनकपुरधाममा आयोजित कार्यालयको नियमित सेवा सञ्चालन तथा क्षतिसवन्धी समीक्षा बैठकमा भन्सार प्रमुख पौडेलले आफ्नो कार्यालयको अवस्था तथा क्षतिको विवरण प्रस्तुत गर्नुभयो।

भन्सार प्रमुख पौडेलका अनुसार कार्यालयअन्तर्गत रहेका छोटी भन्सार कार्यालबाट भन्सार जाँचपास सुरु गरिएको छ। सो कार्यालयअन्तर्गत भडरिया छोटी भन्सार, इनरुवा छोटी भन्सार र जटही छोटी भन्सार कार्यालय सञ्चालनमा छन्। जकपुरधाम भन्सार कार्यालय तोडफोड र आगजनीका कारण सञ्चालनको अवस्थामा छैन।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले सरकारी कार्यालयबाट जनताको कामलाई इमान्दारीपूर्वक, छिटोछरितो, सरल तथा सहज गर्न निर्देशन दिनुभयो।

# युवाहरूलाई नेतृत्वदायी भूमिकामा अघि बढाउन प्रतिवद्ध : मुख्यमन्त्री सिंह



**दैनिक समाचारदाता राजविराज, ५ असोज।** मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले युवाहरूलाई नेतृत्वदायी भूमिकामा अघि बढाउन आफू निरन्तर लागिपरेको बताएका छन्।

आइतबार सप्तरीको आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत विभिन्न स्थानमा भेटघाट गर्ने क्रममा उनले यस्तो बताएका हुन्।

उनले संघीयताको रक्षा र मजबुतीका लागि प्रदेश सरकार दृढतापूर्वक खडा रहेको भन्दै समस्याहरूको समाधानका लागि सम्वन्धित निकायमार्फत प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिने आश्वासन समेत दिए।

मुख्यमन्त्री सिंहले सप्तरीको महदेवा गाउँपालिका ५ दुर्गापुर, तिलाठी कोइलाडी गाउँपालिका ५ बनरझुला, वडा नं. ३ सकरपुरा र वडा नं. १ भन्सार चौकमा स्थानीय नागरिकहरूसँग प्रत्यक्ष भेटघाट गर्दै छलफल गरेका छन्।

कार्यक्रममा स्थानीय समस्या, विकास-निर्माणका प्राथमिकता तथा जनताका अपेक्षाबारे नागरिक र मतदाताहरूले आफ्ना धारणा, सुझाव तथा मागहरू राखेका थिए। ती प्रश्नहरूको जवाफमा मुख्यमन्त्री सिंहले प्रदेश सरकार सुशासन, विकास र जनकल्याणका कार्यक्रमप्रति प्रतिबद्ध रहेको स्पष्ट पारे।

सो अवसरमा मुख्यमन्त्री सिंहले वडा दशैंको शुभकामना व्यक्त गर्दै सम्पूर्ण नागरिकको सुख, शान्ति र समृद्धिको कामना गरेका छन्।

# करेन्ट लागेर शिक्षकको मृत्यु

सिरहा, ५ असोज (रासस)। यहाँको लहान नगरपालिका-२३ स्थित गाढा गाउँमा सिँचाइका लागि प्रयोग गरिएको विद्युतीय मोटरबाट करेन्ट लाग्दा गम्भीर घाइते भएका एक शिक्षकको मृत्यु भएको छ।

शनिबार बिहान घर नजिकैको खेतमा रोपिएको धानमा सिँचाइ गर्न मोटर चलाउने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते लहान-१९, सोनमति गाढास्थित जनता माध्यमिक विद्यालयमा कार्यरत ३८ वर्षीय शिक्षक वीजेन्द्रकुमार सहनीको मृत्यु भएको हो।

घटनापछि आफन्त तथा स्थानीयले उहाँलाई तत्काल उद्धार गरी लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल पुऱ्याएकामा लगत्तै चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक धर्मेशकुमार यादवले जानकारी दिनुभयो।

*उज्जेवकिस्तानकी...*

प्रहरी नायब उपरीक्षक वस्नेतले महिलाहरुको बयानका आधारमा काठमाडौमा वस्ने लज (होटल) बाट उनीहरुको पासपोर्ट झिकाउने काम तथा समग्र घटनाक्रमबारे सुक्ष्म अनुसन्धान भईरहेको बताएका छन्।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*